# तानसेन नगरकार्यपालिकाको कार्यालय, तानसेन पाल्पाको
# रिडी मेला २०८२ सञ्चालन तथा व्यवस्थापन सम्बन्धी ७ दिने सुचना

**प्रथम पटक प्रकाशित मितिः २०८२।०८।१७**

तानसेन नगरपालिकाको आन्तरिक आय तथा (ठेक्का बन्दोबस्त) सम्बन्धी कार्यविधि २०८० को परिच्छेद २ को दफा ३ बमोजिम तानसेन नगरपालिका वडा नं. १४ मा पर्ने हृषीकेश मन्दिर तथा कालीगण्डकी तटको निर्धारित क्षेत्र भित्र माघेसक्रान्ती मेला संचालन तथा व्यबस्थापन गर्न चाहने नगरपालिकामा सुचिकृत मु.अ.कर र आयकर दर्ताको प्रमाणपत्र प्राप्त इच्छुक संघ संस्था/फर्म/कम्पनीको लागि ७ दिनको म्याद राखि यो सुचना प्रकाशन गरिएको छ। योग्य, इच्छुक संघ संस्था/फर्म/कम्पनीले निर्धारित समय भित्र रित पुर्वक बोलपत्र पेश गर्नु हुन अनुरोध छ।

| आय ठेक्का नं. | ठेक्का विवरण | न्यूनतम ठेक्का अंक भ्याट बाहेक | फाराम दस्तुर | फाराम विक्री हुने अन्तिम मिति र स्थान | फाराम पेश गर्नु पर्ने अन्तिम मिति, समय र स्थान | फाराम खोलिने मिति, समय र स्थान |
|---|---|---|---|---|---|---|
| ER/04/2083/83 | पाल्पा जिल्ला तर्फको रिडिखोला कालीगण्डकी तटमा माघेसक्रान्ति मेला २०८२ सञ्चालन तथा व्यवस्थापन | ६००००० छ लाख मात्र | १,००० | २०८२।०८।२३ गते कार्यालय समय भित्र तानसेन नगरपालिकाको कार्यालय | २०८२।०८।२४ गते दिनको १२ बजे भित्र तानसेन नगरपालिकाको कार्यालय | २०८२।०८।२४ गते दिनको २ बजे तानसेन नगरपालिकाको कार्यालय |

शर्तहरूः-

१. दरभाउपत्र खरिदका लागि यस कार्यालयको राष्ट्रिय बाणिज्य बैङ्क लिमिटेड पाल्पा शाखामा रहेको तानसेन नगरपालिका कार्यलय कोड नम्बर 801055001 खाताको नामः TANSEN NA.PA.(GA-1-1)-AANTARIK RAJS खाता नम्बर 3030100301010004 मा राजस्व शीर्षक 14229 मा जम्मा गरी वा पालिकाबाट राजस्व जम्मा गरि फिर्ता नहुने गरी शिलवन्दी प्रस्ताव खरिद गर्नुपर्ने छ।

२. फर्मको स्थायी लेखा नं प्रमाणपत्रको प्रतिलिपि, आर्थिक वर्ष २०८२/८३ को मान्य अर्वाध भएको नविकरण इजातजत पत्रको प्रतिलिपि, मुल्य अभिवृद्धि कर प्रमाणपत्रको प्रतिलिपि र आर्थिक वर्ष २०८१/८२ को करचुक्ता प्रमाणपत्र (म्याद थप) को प्रतिलिपि सहित शिलवन्दी दरभाउपत्र सहित पेश गर्नु पर्नेछ।

३. दरभाउपत्र पेश गदा कानूनी रूपमा भाग लिन पाउने सहितको स्वयं घोषणा पत्र वा अधिकार प्रत्यायोजनको पत्र समावेश हुनु पर्नेछ।

४. दरभाउपत्र प्रस्तावसाथ आफूले कबोल गरेको अकको ५ प्रतिशत रकम धरौटी वापत यस कार्यालयको राष्ट्रिय बाणिज्य बैङ्क लिमिटेड पाल्पा शाखामा रहेको धरौटी खाता नं 3030100303000004 GA3 मा जम्मा भएको सक्कलै भौचर पेश गर्नु पुर्नेछ।

५. ठेक्का सम्बन्धी कुनै दस्तुर नेपाल सरकारलाई बुझाउनु परे ठेकेदार आफैले बुझाउनु पर्नेछ।

६. दरभाउपत्र खोल्ने दिन दरभाउपत्र दाता वा प्रतिनिधि उपस्थित हुनुपर्नेछ, उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन।

७. ठेक्का बक्यौता भएका व्यक्तिले दरभाउ पत्र पेशगर्न पाउने छैन।

८. मेला सञ्चालन गर्दा हृषीकेश मन्दिर प्रवेशद्वार वरिपरि रहेका कुनैपनि संरचनाहरू भत्काउन/नास गर्न पाइने छैन।

९. मेला सञ्चालन पश्चात रिडिखोला तथा कालीगण्डकी नदी तटको पूर्ण सरसफाई गर्नुपर्नेछ।

१०. मेलामा हुने शान्ति सुरक्षा लगायत अन्य प्रशासनिक विद्युत, पानी, सरसफाई खर्चहरू ठेकेदार आफैले व्हहोर्नु पर्नेछ।

११. ठेक्का वापतको रकम एकमुष्ठ अग्रीम बुझाउनु पर्नेछ।

१२. मेला सञ्चालन दौरानमा हृषीकेश मन्दिर प्रवेशद्वार अगाडिको मैदानमा रहेका कुनैपनि संरचनाको टुटफुट हानी नोक्सानी भएमा त्यसको मर्मतको जिम्मेवारी बोलपत्रदाताको हुनेछ।

१३. म्याद नाघि आएको दरभाउपत्रहरूलाई समावेश गरिने छैन।

१४. ठेक्का स्वीकृत गर्ने नगर्ने अधिकार नगरपालिका कार्यालयमा सुरक्षित रहने छ।

१५. उच्च जोखिम युक्त खेल संचालन गर्न, प्रचलित कानूनले निषेध गरिएका कार्य तथा गतिविधि गर्न पाइने छैन।

१६. स्वीकृत ठेकेदारले आफूले कबोल गरेको ठेक्का अंक बराबरको रकम तानसेन नगरपालिका कायर्यालयमा आई नगदी रसिद काटी वा यस कार्यालयको राष्ट्रिय बाणिज्य बैङ्क लिमिटेड पाल्पा शाखामा रहेको तानसेन नगरपालिकाको TTANSEN NA.PA.(GA-1-1)-AANTARIK RAJS खाता नम्बर 3030100301010004 मा खातामा जम्मा गरेको सक्कल रसिद वा भौचर पेश गरेपछि मात्र ठेक्का संचालनको इजाजत दिइने छ। सो नबुझाएमा ठेक्का धरौटी वापतको रकम जफत गरी ऐन नियम बमोजिम हुनेछ।

१७. मेलामा उठाइने पार्किङ शुल्क यस नगपालिकाको आ.व. २०८२/८३ को नीति, कार्यक्रम तथा बजेटमा तोकेको दररेट बमोजिम तथा वहाल विरौटी शुल्क अधिकतम रु.१२००० मात्र संकलन गर्न पाईने छ।

१८. माथि उल्लेखित वाहेकका विषयमा प्रचलित कानून वा नगरपालिकाको निर्णय अनुसार हुने छ।

१९. मेला अवधिमा स्थानीय कृषक/उद्धमीहरूबाट उत्पादित विभिन्न कृषि/पशुजन्य तथा अन्य उत्पादन प्रदर्शनीको रूपमा राख्ने भएमा त्यसको लागि आवश्यक स्थान/स्टल निःशुल्क उपलब्ध गराउनुपर्नेछ।

**प्रमुख प्रशासकीय अधिकृत**